# बोगटान फुड्सिल गाउँपालिकाको कृषि प्रोफाईल

## आ.व. २०८१/८२

बोगटान फुड्सिल गाउँपालिका

डोटी, सुदुरपश्चिम प्रदेश, नेपाल

## बिषय सूची


परिच्छेद १: बोगटान फुड्सिल गाउँपालिकाको परिचय र वस्तुस्थिति विश्लेषण.......7

१.१ भौगोलिक अवस्थिति.......7

१.२ भौगोलिक विभाजन.......8

१.३ हावापानी.......9

१.४ भिरालोपन.......10

१.५ पाखाको मोहोडा.......11

परिच्छेद २: कृषि क्षेत्रको अवस्था.......13

२.१ कृषि सम्बन्धी परिवार विवरण.......13

२.२ खेतीयोग्य जमिनको विवरण.......14

२.३ कृषक परिवारको आम्दानीको मुख्य स्रोत.......15

२.४ खाद्य सुरक्षा र आत्मनिर्भरता.......16

२.५ माटोको अवस्था.......18

२.६ कृषि बाली विवरण.......20

२.७ पशुपन्छी विवरण.......24

२.८ चुनौती र अवसर.......26

२.९ बोगटान फुड्सिल गाउँपालिकाको गाउँसभामा कृषि प्राथमिकता र प्रतिबद्धता.......27

परिच्छेद ३: वडा अनुसार प्रस्तावित मुख्य बाली तथा पशुपन्छी.......31

३.१ प्रस्तावित मुख्य बाली.......31

३.२ प्रस्तावित मुख्य पशुपन्छी तथा मौरी.......33

परिच्छेद ४: आगामी ३ बर्षको लागि प्रस्तावित योजनाहरू.......35



बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७२

परिच्छेद ५: बार्षिक रुपमा प्रस्तावित कार्यक्रम तथा बजेट ........................ 38

स्रोतहरु ........................................................................ 47

# तालिका सूची


तालिका 1 वडागत क्षेत्रफल र जनसंख्या विवरण ....... 7

तालिका 2 गाउँपालिकाको भौगोलिक विभाजन ....... 9

तालिका 3 माटोको अवस्था ....... 18

तालिका 4 माटो अनुसार मुख्य बालीको मलखाद व्यवस्थापन ....... 19

तालिका 5 कृषि बाली क्षेत्रफल विवरण ....... 20

तालिका 6 मुख्य खाद्यान बाली ....... 21

तालिका 7 बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको विवरण ....... 22

तालिका 8 मुख्य फलफूल बालीहरुको विवरण ....... 23

तालिका 9 पशुपन्छी संख्या विवरण ....... 24

# चित्र सूची


चित्र 1 सिंचाईको अवस्था ........ 13

चित्र 2 वडाअनुसार खेती योग्य जमिन (हे.) विवरण ........ 14

चित्र 3 परिवारलाई खान पुग्ने र नपुग्ने कृषक परिवार संख्या ........ 16

चित्र 4 कृषि उत्पादनबाट भएको आम्दानीले मात्र खान नपुग्ने कृषक परिवार संख्या 17

चित्र 5 पशुपन्छी संख्या विवरण ........ 25

चित्र 6 वडा अनुसार प्रस्तावित मुख्य बाली ........ 32

चित्र 7 वडा अनुसार प्रस्तावित मुख्य पशुपन्छी तथा मौरी ........ 34


बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

## परिच्छेद १ः बोगटान फुड्सिल गाउँपालिकाको परिचय र वस्तुस्थिति विश्लेषण

### १.१ भौगोलिक अवस्थिति

बोगटान फुड्सिल गाउँपालिका सुदूरपश्चिम प्रदेश अन्तर्गत डोटी जिल्लाको पूर्वी भागमा अवस्थित छ। नेपाल सरकारको निर्णय अनुसार २०७३ साल फागुन २२ गते साविकका ७ वटा गाविसहरू—कानाचौर, सिमचौर, केदारआखडा, चवाराचौतारा, सातफरी, धिर्कामाण्डौं, र गगुडा'लाई समेटेर यो गाउँपालिका गठन गरिएको हो। ३००.२२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको बोगटान फुड्सिल गाउँपालिका जनसंख्याका आधारमा डोटी जिल्लाको दोस्रो सानो गाउँपालिका हो।

भौगोलिक अवस्थिति हेर्ने हो भने, ८०°५३'१२.७७" पूर्व देशान्तर देखि ८१°०८'४१.८५" पूर्व देशान्तर सम्म र २८°५७'४७.६८" उत्तरी अक्षांश देखि २९°०९'४३.८" उत्तरी अनांश भित्र पर्दछ। यसको उत्तरमा के.आई. सिंह गाउँपालिका, पश्चिममा शिखर नगरपालिका, दक्षिणमा सुर्खेत जिल्ला, र पूर्वमा अछाम जिल्ला रहेका छन्। भौगोलिक विविधता, वन क्षेत्रको घनत्व, उबड—खाबड भू—बनावट, र जलवायुका आधारमा यो गाउँपालिका कृषि तथा पशुपालनका लागि सम्भावनायुक्त क्षेत्र हो। कृषि प्रक्षेत्रको योजना तथा कार्यक्रम निर्माण गर्न यस भौगोलिक तथा प्रशासनिक परिचय महत्वपूर्ण आधार हुनेछ।यस गाउँपालिकामा १५ सदस्यीय कार्यपालिका र ३८ सदस्यीय गाउँ सभा रहेको छ । यस गाउँपालिकाको कूल जनसंख्या १३५४० रहेको छ जसमा पुरुष ६५४९ (४८.३७ प्रतिशत) र र महिला ६९९१ (५१.६३ प्रतिशत) रहेका छन् ।

*तालिका1 वडागत क्षेत्रफल र जनसंख्या विवरण*

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|---|
| १ | १ | सिमचौर (१-९) | ५१.२ | २८८२ | १४३८ | १४४४ |



बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चवरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २ | केदारआखडा (१-९) | ३१.९५ | १५०५ | ७१३ | ७९२ |
| ३ | ३ | कानाचौर (१-९) | ७०.६८ | १६९३ | ७७५ | ९१८ |
| ४ | ४ | सातफरी (१-९) | २७.९४ | २८९७ | १३४३ | १५५४ |
| ५ | ५ | धिर्कामाण्डौ (१-९) | ३८.८७ | १८१६ | ८३९ | ९७७ |
| ६ | ६ | गगुडा (१-९) | २७.१२ | २४३९ | १०४० | १३९९ |
| ७ | ७ | चावाराचौतारा (१-९) | ५२.४६ | २३०८ | ११११ | ११९७ |
| | | जम्मा | ३००.२२ | १३५४० | ६५४९ | ६९९१ |

हालको वडा संरचना अनुसार गाउँपालिकामा जम्मा ७ वटा वडा रहेका छन्। क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो वडा वडा नं. ३ (कानाचौर) हो जसको क्षेत्रफल ७०.६८ वर्ग कि.मी. छ भने सबैभन्दा सानो वडा वडा नं. ६ (गगुडा) हो, जसको क्षेत्रफल २७.१२ वर्ग कि.मी. रहेको छ।

जनसंख्याको हिसाबले वडा नं. ४ (सातफरी) मा सबैभन्दा बढी २,८९७ जनसंख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या वडा नं. २ (केदारआखडा) मा १,५०५ जना रहेका छन्। महिलाको जनसंख्या सबै वडामा पुरुषको तुलनामा थोरै बढी रहेको देखिन्छ, जसले महिला सहभागिता र सेवा पहुँचका विषयमा योजना निर्माण गर्दा विचार पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ।

### १.२ भौगोलिक विभाजन

नेपालको भौगोलिक संरचनालाई सामान्यतः तीन प्रमुख क्षेत्रहरू हिमाल, पहाड र तराईमा वर्गीकरण गरिएको पाइन्छ। यस वर्गीकरणअनुसार बोगटान फुड्सिल गाउँपालिका पूर्णरूपमा पहाडी क्षेत्रमा पर्ने गाउँपालिका हो। तराई र हिमाली भू—भाग यहाँ विद्यमान छैनन्।

धरातलीय स्वरूपको दृष्टिकोणले हेर्दा, यस गाउँपालिकाको सम्पूर्ण भू–भागलाई उचाइको आधारमा 'पहाडी इलाका' को रूपमा परिभाषित गर्न सकिन्छ, जहाँ शत-प्रतिशत भूभाग पहाडी संरचनाभित्र पर्दछ। यसमध्ये ४२.२१ प्रतिशत क्षेत्र मध्य–पहाडी भू–भागले ओगटेको छ, जुन सबैभन्दा बढी हिस्सा हो। त्यसपछि ३३.७४ प्रतिशत भू–भाग पहाडी (महाभारत श्रृंखला र होचा पर्वत) ले ओगटेको छ। यस भौगोलिक विविधताले कृषि प्रणाली, फसल उत्पादन क्षमता, माटोको प्रकार तथा सिंचाइ पहुँचमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ।

*तालिका2 गाउँपालिकाको भौगोलिक विभाजन*

| क्र.सं. | भौगोलिक विभाजन | उचाइ (मि.) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | पहाडको फेदी | १००० मि. भन्दा कम | ४२.२१ |
| २ | पहाडी (महाभारत र होचा पर्वत) | १००० – १५०० | ३३.७४ |
| ३ | मध्य–पहाडी (तल्लो लेक) | १५०० – २००० | १४.८५ |
| ४ | पहाडी लेक | २००० – २५०० | ९.२० |
| | जम्मा | | १००.०० |

### १.३ हावापानी

बोगटान फुड्सिल गाउँपालिका समुद्री सतहबाट २४१ मिटरदेखि २८३५ मिटर सम्मको उचाइमा फैलिएको छ। गाउँपालिकाको अधिकांश भू–भाग चट्टानी पहाड र भिरालो भू–बनावटयुक्त रहेको छ, जसले कृषि कार्यको विस्तार र यान्त्रिकिकरणमा प्रत्यक्ष प्रभाव पार्दछ।

जलवायुको दृष्टिकोणले यो गाउँपालिकामा उष्णदेखि समशितोष्ण प्रकारको हावापानी पाइन्छ। यद्यपि, यहाँको मौसम बारम्बार परिवर्तन हुने प्रकृतिको भएकोले बाहै महिना एकनासको जलवायु रहँदैन।



बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

- चैत्रदेखि आश्विनको सुरुसम्म गर्मी हुने गर्दछ,
- आश्विन, कार्तिक र फागुन महिनामा समशितोष्ण जलवायु रहन्छ,
- मंसिर, पौष र माघ महिनामा भने जाडो बढी पर्ने गर्दछ।
  मनसुनी प्रभावका कारण जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म अधिक वर्षा हुने गर्दछ, जसले बाली उत्पादनमा सकारात्मक प्रभाव पार्दछ।

तापक्रमको हिसाबले, गर्मीयाममा औसत अधिकतम तापक्रम २२.५ डिग्री सेल्सियस सम्म पुग्दछ भने हिउँदमा न्यूनतम तापक्रम ३.० डिग्री सेल्सियस सम्म झर्दछ। यस्ता जलवायुगत अवस्थाहरूले यहाँको बाली चक्र, बालीको विविधता र उत्पादन प्रणाली निर्धारण गर्ने प्रमुख आधारहरू तय गर्दछन्।

## १.४ भिरालोपन

पहाडी भू—भागमा भिरालोपन (Slope Gradient) को मापन अत्यन्त महत्त्वपूर्ण हुन्छ, विशेषतः कृषियोग्य जमिनको पहिचान, मानव बस्तीको विस्तार, तथा पूर्वाधार निर्माण योजनाहरूको कार्यान्वयनका सन्दर्भमा। बोगटान फुड्सिल गाउँपालिकाको सम्पूर्ण क्षेत्रलाई भिरालोपनको आधारमा पाँचवटा वर्गमा विभाजन गरिएको छ।

गाउँपालिकामा समथर जमिन (०—५ डिग्री भिरालोपन) को क्षेत्रफल अत्यन्त न्यून (केवल १.३१ प्रतिशत) मात्र रहेको छ। ५—१० डिग्री भिरालोपन भएको भू—भाग २.६५ प्रतिशत रहेको छ भने १०—२० डिग्री भिरालोपन भएको भू—भाग १६.११ प्रतिशत छ, जुन क्षेत्रहरू खेतीपाती, बस्ती बसोबास, तथा आधारभूत पूर्वाधार विकासको दृष्टिले उपयुक्त मानिन्छन्।

यसको विपरीत, २०—४० डिग्री भिरालो जमिन सबैभन्दा धेरै (लगभग ६६.४२ प्रतिशत) भागमा फैलिएको छ। यस्ता क्षेत्रहरूमा खेतीका लागि साना सिँचाइ योजना, टेरेस खेती (terrace farming) तथा वन पैदावार उपयोग गर्ने सम्भावना रहन्छ। साथै, ४० डिग्री वा सोभन्दा बढी भिरालोपन भएको भूभाग १३.५२

प्रतिशत छ, जुन भू—भागहरूमा मानव क्रियाकलाप अत्यन्त न्यून हुन्छ र ती क्षेत्रहरू संरक्षण वन, जल—स्रोत संरक्षण वा पर्यावरणीय दृष्टिले महत्त्वपूर्ण मानिन्छन्।

यस प्रकार, भिरालोपनको विविधताले गाउँपालिकामा कृषि र आवासीय विकासका सम्भावना र चुनौती दुवैलाई निर्धारण गर्ने गर्दछ।

## १.५ पाखाको मोहोडा

बोगटान फुड्सिल गाउँपालिकाको भू—भाग पूर्ण रूपमा पहाडी क्षेत्रले ढाकिएको छ। यस्तो भौगोलिक अवस्थाका कारण धरातलीय मोहोडा (Slope Aspect) ले विभिन्न विकास निर्माण, कृषि योजना तथा बसोबासको कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ। पाखाको मोहोडाले सूर्यको किरण प्राप्त गर्ने मात्रा, तापक्रम, माटोको आद्रता, बालीको उत्पादनशीलता लगायतका पक्षहरूमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले योजनाको तर्जुमा तथा क्षेत्र पहिचान गर्दा यसलाई विशेष महत्व दिनुपर्दछ।

स्थानको मोहोडाका आधारमा गरिएको वर्गीकरण अनुसारः

- उत्तर मोहोडा: ६.९६%
- उत्तर—पूर्व मोहोडा: १४.२९%
- पूर्व मोहोडा: १३.४५%
- दक्षिण—पूर्व मोहोडा: १६.३०%
- दक्षिण मोहोडा: १३.८६%
- दक्षिण—पश्चिम मोहोडा: ९.५६%
- पश्चिम मोहोडा: ६.७२%
- उत्तर—पश्चिम मोहोडा: ६.७२%
- समथर (Flat) भू—भाग: ८.८४%




बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बभरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७२

यस आधारमा पूर्वी तथा दक्षिणी मोहोडा भएका क्षेत्रहरू खेतीपाती, उद्योग, पशुपालन र बस्ती विकासका लागि तुलनात्मक रूपमा उपयुक्त मानिन्छन्, किनभने यी मोहोडाहरूमा सूर्यको किरण बढी समयसम्म पर्नुका साथै तापक्रम पनि अनुकूल रहने पाईन्छ। यस्ता विश्लेषणहरूलाई मध्यनजर गर्दै कृषि तथा अन्य उत्पादनमुखी योजनाहरू बनाउँदा Orientation Mapping लाई समेत आधारभूत सूचकको रूपमा लिनु उपयुक्त हुन्छ।

# परिच्छेद २ः कृषि क्षेत्रको अवस्था

## २.१ कृषि सम्बन्धी परिवार विवरण


बोगटान फुड्सिल गाउँपालिका कुल ३००.२२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। गाउँपालिकामा कृषक परिवारहरूले सञ्चालन गरिरहेको कुल जमीन १२८० हेक्टर रहेको छ। गाउँपालिकाभित्र १४,०२४ कित्ता जमीन खण्डहरू छन्, जसको औसत कित्ता संख्या ३.७ रहेको छ। सिंचाइ सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या २,६६५ छ भने त्यसअनुसार ५७७.६ हेक्टर जमीन सिंचित गरिएको छ। यस विवरणले देखाउँछ कि कृषिमा संलग्न परिवारको संख्या उल्लेख्य छ र सिंचाइ पहुँच भएका कृषकहरूको संख्या पनि उल्लेखनीय मात्रामा छ, तर अझै धेरै क्षेत्र सिंचाइ सुविधाबिना रहेको अनुमान गर्न सकिन्छ।




*चित्र 1 सिंचाईको अवस्था*

## २.२ खेतीयोग्य जमिनको विवरण

बोगटान फुड्सिल गाउँपालिकाको कुल भौगोलिक क्षेत्रफलमध्ये करिब १९.८९ प्रतिशत भू-भाग खेतीयोग्य रहेको छ। यो अनुपातले देखाउँछ कि गाउँपालिकाको अधिकांश भाग डाँडाकाँडा, भिरालो जमिन तथा वनजङ्गलमा फैलिएको भए तापनि करिब पाँचौं भागमा भने कृषि प्रयोजनका लागि उपयुक्त जमिन उपलब्ध छ। यस खेतीयोग्य भूभागले गाउँपालिकाको खाद्य सुरक्षाका साथै कृषिमा आधारित आम्दानीको सम्भावनालाई दर्शाउँछ। यस्ता जमिनहरूको संरक्षण, सुधार र प्रविधिमैत्री प्रयोगले गाउँपालिका भित्रको कृषि उत्पादनमा उल्लेखनीय वृद्धि गर्न सकिने देखिन्छ।




*चित्र 2 वडाअनुसार खेती योग्य जमिन (हे.) विवरण*

गाउँपालिकाभित्र सबैभन्दा बढी खेतीयोग्य जमिन वडा नं. ३ (१३४३ हे.) मा रहेको छ, त्यसपछि वडा नं. ४ (१३३३ हे.), वडा नं. ७ (१११५ हे.) र वडा नं. १ (१११२ हे.) क्रमशः उच्च कृषियोग्यता भएका क्षेत्रहरू हुन्। यस्ता वडाहरूलाई कृषि विस्तार, सिंचाइ सुविधा, तथा कृषि उत्पादन वृद्धिमा प्राथमिकता दिन सकिन्छ।



बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

त्यस्तै, वडा नं. २ (४४९ हे.) र वडा नं. ५ (५१९ हे.) मा खेतीयोग्य जमिन तुलनात्मक रूपमा कम रहेकोले ती क्षेत्रहरूमा भू-क्षेत्र उपयोगको पुनरावलोकन, सम्योजन र सहायक खेती प्रणाली विकास गर्न सकिने देखिन्छ।

## २.३ कृषक परिवारको आम्दानीको मुख्य स्रोत

बोगटान फुड्सिल गाउँपालिकाका अधिकांश कृषक परिवारहरूको मुख्य आम्दानीको स्रोत कृषि नै रहेको देखिन्छ। उपलब्ध तथ्याङ्क अनुसार कुल २९५० कृषक परिवारमध्ये २९१२ परिवार (९८.७१%) ले आफ्नो जीविकोपार्जनको प्रमुख आधार कृषि पेशालाई बनाएका छन्। उनीहरूले वर्षभरि धान, मकै, गहुँ, तरकारी, फलफूल तथा अन्य नगदे बाली खेती गरी दैनिक खर्च, बालबच्चाको शिक्षा, स्वास्थ्य, तथा अन्य पारिवारिक आवश्यकताहरू पूरा गर्दै आएका छन्।


सामान्यतया यस्ता कृषकहरू परम्परागत कृषि प्रणालीमा आधारित भए पनि, पछिल्ला वर्षहरूमा उन्नत बीउ प्रयोग, तरकारीखेती, व्यवसायिक पशुपालन र मौसमी तथा बाह्रै महिना उत्पादन हुने बालीतर्फ आकर्षण बढ्दै गएको पाइन्छ।

अर्कोतर्फ, ३८ परिवार (१.२९%) ले कृषि बाहेक अन्य क्षेत्रहरू जस्तै वैदेशिक रोजगारी, ज्यालादारी काम, व्यवसाय, सवारी साधन सञ्चालन, र अन्य सेवा क्षेत्रबाट आफ्नो आम्दानी गर्दै आएका छन्।

यद्यपि हालसम्म कृषि पेशा नै गाउँपालिकाको आर्थिक मेरुदण्ड हो, तर उत्पादन लागत, बजार व्यवस्थापन, र प्रविधिको अभाव जस्ता चुनौतीहरू रहेका कारण आम्दानी स्थायित्वको दृष्टिकोणले थप सुधार र नीति आधारित हस्तक्षेप आवश्यक छ। यदि कृषकहरूलाई व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्न आवश्यक सहयोग र तालिम प्रदान गरियो भने, तिनीहरूको आम्दानीमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ।

## २.४ खाद्य सुरक्षा र आत्मनिर्भरता

बोगटान फुड्सिल गाउँपालिकाको कुल कृषक परिवारमध्ये लगभग ६९ प्रतिशत परिवार वर्षभरि खान पुग्दो अन्न उत्पादन गर्न सक्दैनन्। यस्तो अवस्थाबाट गाउँपालिकामा खाद्य असुरक्षा गम्भीर समस्या भएको संकेत मिल्दछ। यस्ता परिवारहरू आफ्नो उत्पादनबाट मात्र जिविकोपार्जन गर्न नसकी बजार वा अन्य माध्यमबाट अन्न किनेर खान बाध्य छन्, जसले उनीहरूको आर्थिक अवस्थालाई थप कमजोर बनाएको छ।




*चित्र 3 परिवारलाई खान पुग्ने र नपुग्ने कृषक परिवार संख्या*


बोगटान फुड्सिल गाउँपालिकाको कृषक परिवारहरूमध्ये २०४२ परिवार खाद्य उत्पादनको हिसाबले आत्मनिर्भर छैनन्, अर्थात् उनीहरू वर्षभरि खान पुग्दो अन्न उत्पादन गर्न सक्दैनन्।

यीमध्ये १०९७ परिवारले ४ देखि ६ महिना सम्म खाद्य उत्पादनमा खान अपुग



बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चवरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७२

राखेको छ भने ९४५ परिवारको उत्पादन १ देखि ३ महिना सम्म अपुग रहेको अवस्था छ।




*चित्र 4 कृषि उत्पादनबाट भएको आम्दानीले मात्र खान नपुग्ने कृषक परिवार संख्या*

खाद्य उत्पादन अपुग हुनुका प्रमुख कारणहरूमा सिंचाइको अपुग व्यवस्था, परम्परागत खेती प्रणाली, उन्नत बीउ प्रविधिको अभाव, सीमित जोत क्षेत्र, र श्रमशक्तिको वैदेशिक पलायन रहेका छन्।

यो समस्याको समाधानको लागि बाली विविधिकरण, उन्नत बीउ प्रविधिको प्रयोग, सिंचाइ पूर्वाधारको सुधार, र स्थानीय कृषि प्रणालीलाई व्यावसायिकतामा रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ। साथै, खाद्य सुरक्षा सुनिश्चित गर्नका लागि कृषक परिवारहरूलाई प्राविधिक तालिम, सहुलियत ऋण, र भण्डारण प्रणालीको सुदृढीकरण पनि आवश्यक छ।

## २.५ माटोको अवस्था

बोगटान फुड्सिल गाउँपालिकाको माटोको गुणस्तर विश्लेषण गर्दा यसको pH मान औसत 6.307 रहेको पाइन्छ, जसले माटो थोरै अम्लीय प्रकृतिको रहेको संकेत गर्दछ। यस्तो माटो सामान्यतया अधिकांश अन्नबालीहरूको लागि उपयुक्त मानिन्छ। माटोमा औसत 2.953 प्रतिशत जैविक पदार्थ पाइएकाले यसलाई 'मध्यम' श्रेणीमा राख्न सकिन्छ, जुन बाली उत्पादनको लागि सन्तोषजनक अवस्थामा रहेको देखिन्छ। कुल नाइट्रोजनको मात्रा 0.154 प्रतिशत पाइएको छ, जुन पनि मध्यम स्तरमा छ र बोटबिरुवाको वृद्धि तथा हरियालीका लागि पर्याप्त मानिन्छ। उपलब्ध फस्फोरस ($P_2O_5$) 74.236 के.ग्रा./हे. रहेको छ, जुन उच्च श्रेणीमा पर्दछ र बोटबिरुवाको जराको विकास तथा फूल—फल लाग्ने प्रक्रियालाई सघाउँछ। त्यस्तै, उपलब्ध पोटास ($K_2O$) को मात्रा 359.845 के.ग्रा./हे. रहेको छ, जुन पनि उच्च मानिन्छ र बालीको गुणस्तर, रोगप्रतिरोधात्मक क्षमता र उत्पादनमा योगदान पुऱ्याउने तत्व हो। माटोमा जिंकको मात्रा 1.599 ppm र बोरनको मात्रा 0.940 ppm रहेको छ, जसलाई मध्यम श्रेणीमा वर्गीकृत गरिएको छ। अन्ततः, माटोको बनावट बलौटे (Loam) रहेको हुँदा यसले पानीको वहाव, हावाको सन्तुलन, तथा पोषण तत्वको भण्डारणलाई सन्तुलित बनाइ राख्न सघाउँछ, जसले गर्दा यस्तो माटोलाई कृषि क्रियाकलापको लागि उपयुक्त मानिन्छ।

*तालिका 3 माटोको अवस्था*

| विशेषता (Properties) | औसत मान (Mean Value) | मूल्याङ्कन (Remarks) |
|---|---|---|
| pH मान | 6.307 | थोरै अम्लीय |
| जैविक पदार्थ (%) | 2.953 % | मध्यम |
| कुल नाइट्रोजन (%) | 0.154 % | मध्यम |



बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चवरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश नेपाल

| | | |
|---|---|---|
| उपलब्ध फस्फोरस ($P_2O_5$) | 74.236 kg/ha | उच्च |
| उपलब्ध पोटास ($K_2O$) | 359.845 kg/ha | उच्च |
| जिंक (Zinc) | 1.599 ppm | मध्यम |
| बोरन (Boron) | 0.940 ppm | मध्यम |
| माटोको बनावट (Texture) | बलौटे माटो (Loam) | उपयुक्त (Ideal) |

माटोको अवस्था अनुसार मुख्य बाली खेती गर्दा निम्न अनुसारको मलखाद प्रयोग गर्न सकिन्छ ।

*तालिका 4 माटो अनुसार मुख्य बालीको मलखाद व्यवस्थापन*

| बाली | जात | एमओपी (के.जि) | डीएपी (के.जि) | युरिया बेसल (के.जि) | पहिलो टपड्रेस युरिया (के.जि) | दोस्रो टपड्रेस युरिया (के.जि) | बोरन (के.जि) | जिंक (के.जि) | गोठेमल (के.जि) |
|---|---|---|---|---|---|---|---|---|---|
| मकै | खुल्ला सेचित | २.६७ | ५.२१ | १.४६ | ३.४८ | ३.४८ | ०.०७५ | ०.१० | ५०० |
| मकै | हाइब्रिड | ४.०१ | ५.२१ | २.३३ | ४.३५ | ४.३५ | ०.०७५ | ०.१० | ५०० |
| धान | दुवै | २.०१ | २.६१ | १.८९ | २.९० | २.९० | ०.०५० | ०.१० | ३०० |
| गहुँ | खुल्ला सचित | ३.३५ | ४.३४ | १.२० | २.९० | २.९० | ०.०७५ | — | ३०० |

## २.६ कृषि बाली विवरण

### बालीहरुको क्षेत्रफल विवरण

बोगटान फुड्सिल गाउँपालिकामा कृषिजन्य उत्पादनका लागि विविध प्रकारका बालीहरु खेती गरिन्छ। यस गाउँपालिकाको खाद्यान्न बाली क्षेत्रफल सबैभन्दा ठूलो रहेको छ जुन १७७१.४ हेक्टरमा फैलिएको छ। यसका साथै, कोसे र दालबालीको क्षेत्रफल ४०.४ हेक्टर, कन्दमूल बाली २६.२ हेक्टर, तेल बाली २८.८ हेक्टर, तरकारी बाली १९.९ हेक्टर, र अन्य अस्थायी बालीहरु ७०.८ हेक्टर क्षेत्रफलमा खेती गरिन्छ। यी बालीहरु स्थानीय कृषकहरुको आयश्रोत र खाद्य सुरक्षा दुवैका लागि महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्।

गाउँपालिकाको कृषिक्षेत्रले यहाँको समग्र कृषि विकासमा ठूलो भूमिका खेलेको छ। विशेष गरी बाधान्न बालीले खाद्यान्नको मुख्य आपूर्ति गर्दै गाउँपालिकाको आर्थिक विकासमा सहयोग पुऱ्याइरहेको छ। कोसे/दाल, कन्दमूल, र तेल बालीले पोषण तत्त्वको विविधता थप्दै कृषकहरुको आयमा वृद्धि गराउन महत्वपूर्ण भूमिका खेल्दछन्। साथै, तरकारी र अन्य अस्थायी बालीहरु मार्फत कृषकहरुले आयश्रोत विस्तार गर्दै आत्मनिर्भरता हासिल गर्ने प्रयास गरिरहेका छन्। यसरी, बोगटान फुड्सिल गाउँपालिका कृषिक्षेत्रको विकास र स्थायित्वतर्फ दृढता साथ अघि बढिरहेको छ।

*तालिका 5 कृषि बाली क्षेत्रफल विवरण*

| | |
|---|---|
| बाधान्न बाली क्षेत्रफल (हे.) | १७७१.४ |
| कोसे/दाल क्षेत्रफल (हे.) | ४०.४ |
| कन्दमूल क्षेत्रफल (हे.) | २६.२ |
| तेल बाली क्षेत्रफल (हे.) | २८.८ |
| तरकारी क्षेत्रफल (हे.) | १९.९ |



बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बबरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

## मुख्य खेति खाद्यान बालीहरु

बोगटान फुड्सिल गाउँपालिकामा विविध बालीहरु खेती गरिन्छ, जसमा प्रमुख रूपमा धान, गहुँ, मकै, कोदो, जौ/उवा र फापर रहेका छन्। यस गाउँपालिकाको गहुँ बाली सबैभन्दा ठूलो क्षेत्रफलमा फैलिएको छ, जसको क्षेत्रफल ७२७.१ हेक्टर रहेको छ। त्यसपछि धान ६७५.६ हेक्टर क्षेत्रफलमा खेती हुने प्रमुख बाली हो। यी दुई बाली यहाँका कृषकहरुको मुख्य खाद्यान्न र आयश्रोतका रुपमा रहेका छन्। मकै १७२.५ हेक्टर, कोदो १५१.२ हेक्टर, जौ/उवा ४४.४ हेक्टर र फापर ०.१ हेक्टर क्षेत्रफलमा खेती गरिन्छ।

*तालिका 6 मुख्य खाद्यान बाली*

| बालीको नाम | क्षेत्रफल (हेक्टर) |
|---|---|
| धान | ६७५.६ |
| गहुँ | ७२७.१ |
| मकै | १७२.५ |
| कोदो | १५१.२ |
| जौ/उवा | ४४.४ |
| फापर | ०.१ |

यस क्षेत्रका बालीहरुको विविधताले कृषकहरुलाई विभिन्न मौसमी र पर्यावरणीय अवस्थाहरूमा पनि उत्पादनमा समृद्धि ल्याउन सक्षम बनाएको छ। धान र गहुँजस्ता प्रमुख बालीहरु गाउँपालिकाको खाद्यान्न सुरक्षामा योगदान पुर्‍याउँछन् भने मकै, कोदो र जौ/उवा जस्ता स्थानीय अनाजहरुले पोषणको विविधता थप्ने काम गर्छन्। फापर जस्तो अल्प क्षेत्रफलमा भए पनि महत्वपुर्ण बालीले यहाँको कृषिक



बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

इतिहास र सांस्कृतिक पहिचानलाई जोगाउने भूमिका खेलिरहेको छ। यसरी, बोगटान फुड्सिल गाउँपालिकाको कृषि क्षेत्र विविध र समृद्ध रहेको छ।

### बगैंचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको विवरण

बोगटान फुड्सिल गाउँपालिकामा बगैंचाको रूपमा लगाइएका स्थायी बालीहरू कृषि विकासको महत्वपूर्ण हिस्सा रहेका छन्। यहाँ फल लाग्ने उमेरका बोटहरूको कुल क्षेत्रफल ६.७ हेक्टर रहेको छ भने ती बोटहरूको संख्या ९२२० रहेको छ। यी फलदार बोटहरूले गाउँपालिकाको कृषकहरूलाई नियमित रूपमा फलफूल उत्पादन गरी आम्दानीको मुख्य स्रोत प्रदान गरिरहेका छन्।

त्यस्तै, फल नलाग्ने उमेरका बोटहरू पनि १ हेक्टर क्षेत्रफलमा फैलिएका छन् र ती बोटहरूको संख्या २१०५ रहेको छ। यी बोटहरू आगामी वर्षहरूमा फल दिने अवस्थामा पुग्ने अपेक्षा गरिएको छ, जसले भविष्यमा फलफूल उत्पादनमा थप वृद्धि हुनेछ। यसरी, बोगटान फुड्सिल गाउँपालिकामा स्थायी बालीको खेतीले कृषि क्षेत्रमा दीगो विकास र आर्थिक समृद्धिको सम्भावना प्रस्तुत गरेको छ।

*तालिका 7 बगैंचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको विवरण*

| बगैंचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल (हे) र बोट संख्या | |
|---|---|
| फल लाग्ने उमेरको बोट क्षेत्रफल (हेक्टर) | ६.७ |
| फल लाग्ने उमेरको बोट संख्या | ९२२० |
| फल नलाग्ने उमेरको बोट क्षेत्रफल (हेक्टर) | १ |
| फल नलाग्ने उमेरको बोट संख्या | २१०५ |



बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

बोगटान फुड्सिल गाउँपालिकामा विभिन्न प्रकारका फलफूलका बगैंचाहरू खेती गरिन्छन् जसले कृषकहरूको आम्दानीमा सकारात्मक योगदान पुऱ्याइरहेका छन्। सुन्तलाको बगैंचाको क्षेत्रफल ३.१ हेक्टर रहेको छ भने सुन्तलाका बोटहरूको संख्या जम्मा ७१६१ रहेको छ, जसमा २६४८ बोटहरू बगैंचामा र ४५१३ बोटहरू छरिएका अवस्थामा रहेका छन्। कागतीको बगैंचाको क्षेत्रफल ०.७ हेक्टर छ र यसको कुल बोट संख्या ७०८ छ, जसमा १०४ बोटहरू बगैंचामा र ६०४ बोटहरू छरिएका छन्।

त्यस्तै, केराको बगैंचाको क्षेत्रफल १.२ हेक्टर रहेको छ र यसको कुल बोट संख्या १०४१५ रहेको छ। यसमा ३८२२ बोटहरू बगैंचामा र ६५९३ बोटहरू छरिएका बोटको रूपमा रहेका छन्। यी फलफूलका बगैंचाहरूले गाउँपालिकाको कृषिक्षेत्रलाई विविधता र समृद्धि प्रदान गर्दै कृषकहरूलाई स्थायी आम्दानीको स्रोत बनाइरहेका छन्। फलफूल उत्पादनले मात्र नभई, स्थानीय स्तरमा रोजगार सृजना र आर्थिक विकासमा समेत महत्वपूर्ण भूमिका खेलेको छ।

*तालिका 8 मुख्य फलफूल बालीहरुको विवरण*

| बालीको नाम | बगैंचाको क्षेत्रफल (हेक्टर) | बगैंचाको बोट संख्या | छरिएका बोट संख्या | जम्मा बोट संख्या |
|---|---|---|---|---|
| सुन्तला | ३.१ | २६४८ | ४५१३ | ७१६१ |
| कागती | ०.७ | १०४ | ६०४ | ७०८ |
| केरा | १.२ | ३८२२ | ६५९३ | १०४१५ |



बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

## २.७ पशुपन्छी विवरण

बोगटान फुड्सिल गाउँपालिकामा कुल २९५० कृषक परिवारहरू रहेका छन् जस मध्ये २८७४ परिवारले पाल्तु चौपाया पालन गर्दै आएका छन्। गाई र गोरु पालन गर्ने कृषक परिवारको संख्या २७८९ छ र ती परिवारसँग जम्मा १०,९५० गाई/गोरु रहेका छन्, जसअनुसार प्रति कृषक परिवारमा औसत ४ गाई/गोरु पालन गरिन्छ। राँगा र भैंसी पालन गर्ने परिवारहरूको संख्या ३६८ रहेको छ र तीसँग १,०४८ राँगा/भैंसी रहेका छन्, प्रति परिवार औसत ३ वटा।

त्यस्तै, बाख्रा र च्याङ्ग्रा पालन गर्ने परिवारहरूको संख्या २२७९ रहेको छ र कुल २०,३१३ बाख्रा/च्याङ्ग्रा पालिएका छन्, प्रति परिवार औसत ९ वटा रहेको छ। कुखुरा (पाल्तु पन्छी) पालन गर्ने कृषक परिवारहरूको संख्या १५५१ रहेको छ र तीसँग ११,११९ कुखुरा रहेका छन्, प्रति परिवार लगभग ७ कुखुरा पालन गरिन्छ। अन्य पशुहरूको संख्या ९ मात्रै रहेको छ, जसमा प्रति परिवार १ वटा पशु रहेको देखिन्छ। यसरी, बोगटान फुड्सिल गाउँपालिकामा पशुपन्छी पालन कृषकहरूको जीवनयापनमा महत्वपूर्ण भूमिका खेल्दछ र ग्रामीण अर्थतन्त्रमा ठूलो योगदान पुर्याएको देखिन्छ।


*तालिका 9 पशुपन्छी संख्या विवरण*

| विवरण | कृषक परिवार संख्या | पशुपन्छी संख्या | प्रति कृषक परिवार पशुपन्छी संख्या |
|---|---|---|---|
| कुल कृषक परिवार | २९५० | | |
| पाल्तु चौपाया पाल्ने परिवार | २८७४ | | |
| गाई/गोरु | २७८९ | १०,९५० | ४ |
| राँगा/भैंसी | ३६८ | १,०४८ | ३ |
| बाख्रा/च्याङ्ग्रा | २२७९ | २०,३१३ | ९ |



बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चवरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| कुखुरा (पाल्तु पन्छी) | १५५१ | ११,११९ | ७ |
| अन्य पशु | ९ | ९ | १ |




*चित्र 5 पशुपन्छी संख्या विवरण*

## २.८ चुनौती र अवसर

### चुनौती

- कृषि पेशाबाट युवा तथा अन्य श्रमशक्तिको व्यापक पलायन भएको
- कृषि क्षेत्रमा सिंचाईको व्यवस्था नहुनु ।
- अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, दोहरो भू-स्वामित्वको स्थिति मौजुदा रहनु।
- कृषिजन्य वस्तुहरूको उत्पादन र वितरणलाई लागत प्रभावी वनाउन नसक्नु र बजारीकरणमा समस्या ।
- आधुनिक कृषि प्रविधिमा पर्याप्त पहुँच नहुनु ।
- कृषि पेशालाई सम्मानजनक र व्यवसायिक रूपमा स्थापित गर्न नसक्नु ।

### अवसर

- उपलब्ध खेती तथा पशुपालन योग्य जमिनको सदुपयोगबाट यथेष्ठ कृषि उपज हुन सक्ने ।
- पानीका स्रोतहरूको उचित व्यवस्थापन गरी सिंचाइको सुनिश्चितता गर्न सकिने ।
- पशुपालन तथा अर्गानिक खेतीको प्रवर्द्धन गरी उत्पादकत्व बढ्नका साथै सन्तुलित पौष्टिक आहारको सुनिश्चितता हुने
- खेतीयोग्य क्षेत्रमा सडकको पहुँच तथा सडक सञ्जालको द्रुत विकासका कारण बजारको पहुँच सहज हुने ।
- विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जाने।
- कृषि ऋण, कृषि विमा, नयाँ प्रविधिको उपयोग र सिंचाइ सुविधामा विस्तार सँगै आधुनिक व्यवसायिकता तर्फ अग्रसर हुने ।



गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

**२.९ बोगटान फुड्सिल गाउँपालिकाको गाउँसभामा कृषि प्राथमिकता र प्रतिबद्धता**

बोगटान फुड्सिल गाउँपालिकाको गाउँसभा आ.व. २०८२/८३ मा "एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन" भन्ने नारालाई प्रमुख स्थानमा राखेर क्रमागत रुपमा कृषि क्षेत्रको विकास तथा समृद्धि तर्फ अग्रसर गरिएको छ ।

- बाख्रापालन गर्ने किसानहरुका लागि प्रदान गरिदै आएको अनुदान लाई निरन्तरता दिई व्यवसायिक बाख्रापालनलाई जोड दिइनेछ ।
- कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वोरोजगारका अवसर सृजना गर्न "उत्पादन साथमा अनुदान हातमा" भन्ने नीति लिइनेछ ।
- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नवालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गर्दै ती स्थानहरुमा व्यवसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, सडक, विद्युतीकरण, कृषि बजार, शित भण्डारहरुको पूर्वाधार निर्माण गरिनेछ ।
- बाँझो जग्गालाई उपयोगमा ल्याई कृषिजन्य उत्पादन वृद्धि गर्न व्यवसायिक खेती, नगदे वाली घाँस खेती लगायतका अन्य जडिवुटी प्रवर्द्धन कार्यक्रमलाई विशेष सहयोग उपलब्ध गराई १० हजार सुन्तला जातका बिरुवाहरु सहितको बंगैचा निर्माण गर्नका लागी प्रदेश सरकार र संघ सरकार संग सहकार्य गरी अगाडी बढाईनेछ।
- पशुपंक्षी व्यवसायमा आत्मनिर्भर बनाउनको लागि नश्ल सुधार कार्यक्रम, बाझोपन निवारण घुम्ती शिविर, पशुपन्छी उपचार कार्यक्रम, निशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ । उन्नत जातको गाई भैंसी उत्पादन गरी दुग्ध उत्पादनमा वृद्धि गर्न मागमा आधारित विभिन्न जातको घाँसको बिउ र बेर्ना वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

- कम्तिमा १० ओटा भैसि पालि ब्यवशायीक कृषि गर्ने किसानलाई गोठालो भत्ता उपलब्ध गराईने ब्यवस्था गरिनेछ।
- पशुपालक कृषकहरूको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवस, प्रदर्शनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिनेछ ।
- कृषक तथा पशुपालक किसानलाई अपनत्व बोध गराउन गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई लागत सहभागिताको आधारमा वितरण गरिने व्यवस्था मिलाईने छ ।
- कृषक पाठशालालाई निरन्तरता दिईनेछ धान, गहुँ र मकै जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरुको उन्नत विउ एवम् कृषि यन्त्र वितरण लगाएतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। सिचाईको पहुँच पुयाउन साना सिंचाई योजना तथा पोखरी मर्मत तथा विस्तार गरि सिंचित क्षेत्रफलको विस्तार गरिदै लगिनेछ ।
- बेमौसमी तरकारी खेति उत्पादनको लागि हाइटेक प्लाष्टिक टनेल बनाउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ। हरेक किसानले प्राविधिक सेवा पाउने कुराको ग्यारण्टी गरिनेछ । कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ । साथै पालिकामा एउटा हाईटेक नर्सरीको स्थापना गरिनेछ।
- उन्नत जातका बिरुवाहरु जस्तैः बोधिचित्त, रुद्राक्ष, रक्तचन्दन जस्ता बहुमूल्य बिरुवाहरु खरीद गरी बितरण गरिनेछ ।
- सरकारबाट दिइने अनुदानमा सहकारी तथा सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिइनेछ।
- कृषकको योगदानलाई सम्मान गर्दै कृषकको मनोवल उच्च राख तथा कृषिलाई आकर्षक एवं सम्मानित पेशाका रुपमा स्थापित गर्न पुरुस्कारको ब्यवस्था गरिनेछ।

- कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्बन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्बन गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ । कृषि तथा पशुजन्य अनुदान कार्यक्रम कृषि सहकारी मार्फत संचालन गर्न जोड दिइनेछ ।
- कृषिजन्य उत्पादन बृद्धि गरि आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागी एक गाउँ एक उत्पादनको अवधारणालाई निरन्तरता दिईनेछ ।
- किसान सूचीकरण कार्यलाई निरन्तरता दिई कृषकहरुको तथ्यांक अध्यावधिक गर्ने कार्यलाई प्राथमिकताको साथ अगाडि बढाईने छ।
- फलफूलको उत्पादन बृद्धि, मौरी चरन तथा गाउँको पर्यावरणमा हरियाली बनाउनका लागी व्यवसायिक फलफूल खेती कार्यक्रमलाई प्राथमिकता दिइने छ।
- कृषि सम्बन्धी ज्ञान तथा सिप हासिल गरेका गाउँमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गरिने छ ।
- तरकारी तथा फलफूलमा गाउँलाई आत्मनिर्भर बनाउदै लैजानका लागि अनुदानका कार्यक्रम संचालन गरिने छ।
- बेरोजगारहरुको सम्भावित पक्तिलाई सूचिकरण गरी व्यवसायिक कृषि, भौतिक पूर्वाधार, स्थानिय पूर्वाधार, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, कृषि लगायतको क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिने छ ।
- घरेलु तथा साना उद्योग स्थापनामा जोड दिदै स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी आर्थिक वृद्धि हासिल गर्ने नीति अवलम्बन गरिनेछ ।


- एकिकृत भई आएका सहकारी मार्फत बेरोजगार युवा तथा महिलालाई आत्मनिर्भर बनाउन एकीकृत कृषि, उद्योग तथा व्यापारको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

## परिच्छेद ३: वडा अनुसार प्रस्तावित मुख्य बाली तथा पशुपन्छी

### ३.१ प्रस्तावित मुख्य बाली

- वडा नं. १, २ र ७ मा सुन्तला खेतीलाई प्रवर्द्धन गर्दै थप ३००० सुन्तला बोट रोपेर पालिकाको १०,००० बोटको लक्ष्य पुरा गर्न बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यसबाट दीर्घकालीन फलफूल उत्पादनमा वृद्धिका साथै कृषकहरूको आम्दानीमा सुधार ल्याउन सकिनेछ।
- वडा नं. ५ मा ओखर खेती प्रवर्द्धन गर्न सकिनेछ र त्यसका लागि टप वोर्किंग तालिम प्रदान गरि उत्पादनको गुणस्तर सुधार गर्न सकिनेछ।
- वडा नं. २, ४, ६ र ७ मा तरकारी खेतीलाई प्रवर्द्धन गर्न सकिनेछ। विशेष गरी वडा नं. ४ मा माटो हल्का अम्लीयपन रहेको कारण, कृषि चुनको प्रयोगमार्फत माटोको उर्वराशक्ति व्यवस्थापन गरि तरकारी खेति वर्द्धन गर्न सकिनेछ भने प्लास्टिक मल्चिंगसहितको टनेल प्रविधि प्रयोग गरि तरकारी उत्पादनमा गुणस्तर र मात्रा दुवै बढाउन सकिनेछ।
- वडा नं. १, २ र ३ मा अदुवा तथा बेसार खेती प्रवर्द्धन गरि प्लास्टिक मल्चिंगको प्रयोगबाट खेतीमा लागत घटाउन सकिनेछ। साथै, सोलार ड्रायर प्रविधि कृषक समूहहरूलाई प्रदान गरि अदुवा र बेसारलाई सुकाउने तथा बजारीकरणमा सहजता ल्याउन सकिनेछ।

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बभरा धौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३




*चित्र 6 वडा अनुसार प्रस्तावित मुख्य बाली*

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बबरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३


## ३.२ प्रस्तावित मुख्य पशुपन्छी तथा मौरी

बोगटान फुड्सिल गाउँपालिकामा पशुपालन तथा घाँस उत्पादनलाई सशक्त बनाउन विभिन्न वडामा लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ। हरेक वडामा बाँझो जमिनको उपयोग गर्दै उन्नत जातको घाँस खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सकिनेछ, जसबाट पशुपालनको लागि दिगो घाँस आपूर्ति सुनिश्चित गर्न सकिनेछ।

वडा नं. १ लाई मह उत्पादनको पकेट क्षेत्रको रूपमा विकास गर्न सकिनेछ। त्यसका लागि आधुनिक मौरी घार वितरण, मौरीपालक कृषकहरूलाई तालिम प्रदान, र उत्पादन भएको महको बजारीकरणमा सहजीकरण गर्न पालिकाबाट विशेष लोगो सहितको प्याकेजिङ्गको सहयोग पनि गर्न सकिनेछ।

वडा नं. ५ र ७ लाई भैंसी पालन केन्द्रित क्षेत्रको रूपमा विकास गर्दै १० ओटा सम्म भैंसी पाल्ने कृषकहरूलाई प्रोत्साहन स्वरूप अनुदान उपलब्ध गराउन सकिनेछ। यसले दूध उत्पादन वृद्धि र दुग्धजन्य उद्योगलाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउनेछ।

वडा नं. २ र ६ मा कुखुरा पालन कार्यक्रम सञ्चालन गरी आयआर्जनका वैकल्पिक स्रोत विस्तार गर्न सकिनेछ भने वडा नं. ३ मा बाख्रा पालन कार्यक्रम प्रवर्द्धन गरी स्थानीय स्रोत र मागलाई मध्यनजर गर्दै रोजगारी तथा आम्दानीको अवसर सिर्जना गर्न सकिनेछ।




*चित्र 7 वडा अनुसार प्रस्तावित मुख्य पशुपन्छी तथा मौरी*

गाउँपालिकाको कार्यालय
कार्यपालिकाको कार्यालय
नवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

## परिच्छेद ४: आगामी ३ वर्षको लागि प्रस्तावित योजनाहरू

बोगटान फुड्सिल गाउँपालिकामा कृषि विकासलाई लक्षित गरी विविध कार्यक्रमहरू सञ्चालन गर्ने योजना तयार गरिएको छ, जसले यहाँका कृषकहरूलाई आधुनिक प्रविधि र प्रविधिनै आधारमा उत्पादन वृद्धिमा सहयोग पुऱ्याउनेछ। कृषक समूहहरूलाई प्रांगारिक मल उत्पादनका लागि भर्मी बेड स्थापना गर्ने र प्रोत्साहन अनुदानमार्फत भैसी पालन गर्ने कृषकहरूको आर्थिक स्थिति सुदृढ गर्ने लक्ष्य राखिएको छ। सुन्तला खेतीलाई प्रवर्द्धन गर्न ठूलो संख्यामा बोट रोप्ने योजना तथा प्लास्टिक टनेल र ड्रिप इरिगेशनको प्रयोगबाट तरकारी खेतीमा सुधार ल्याउने पहलले उत्पादन र आय दुवैमा वृद्धि गर्न मद्दत गर्नेछ। साथै, हाईटेक नर्सरी स्थापना र उन्नत बीउ उत्पादन कार्यक्रमले कृषकलाई गुणस्तरीय बीउ र बिरुवा उपलब्ध गराउनेछ।

यसैगरी, बाँझो जमिनमा घाँस खेती र बाख्रा पालनको प्रबर्धन, शितोष्ण फलफूलको क्षेत्र विस्तार, र कृषि तथा पशुपन्छी सेवा प्रविधिकहरूको व्यवस्थापनले कृषि उत्पादनको विविधता र गुणस्तरमा सुधार ल्याउने छ। मौरी पालनलाई आधुनिकीकरण गर्ने, प्रशोधन उद्योग स्थापना गर्ने, र आधुनिक सफ्टवेयर प्रणालीमार्फत तथ्यांक तथा अनुदान व्यवस्थापनलाई प्रभावकारी बनाउने कार्यहरूले समग्र रूपमा गाउँपालिकाको कृषि क्षेत्रलाई समृद्ध र दिगो बनाउने दिशा देखाउँछन्। कृषि बजारसँग जोड्ने पहल र आवश्यक कार्यविधि निर्माणले कृषकहरूको उत्पादनको उचित मूल्य सुनिश्चित गर्दै आर्थिक रूपमा सक्षम बनाउने उद्देश्य राखिएको छ। यी

सबै कार्यक्रमहरूले बोगटान फुड्सिल गाउँपालिकामा कृषि विकासको नयाँ युगको शुरुआत गर्नेछन्।

१. एक कृषक समूह एक भर्मी बेड स्थापना गरि प्रांगारिक मलको सुनिश्चित गर्ने

२. १० ओटा भैसी पालन गर्ने कृषकहरूलाई प्रोत्सान अनुदान

३. पालिका मा १०,००० बोट सुन्तलाको लागि सुन्तला खेतिमा अनुदान

४. प्लास्टिक टनेलमा तरकारी खेति (Drip Irrigation सहित)

५. बेर्नाको लागि हाईटेक नर्सरीको स्थापना

६. कृषि ज्ञान केन्द्र, डोटीको समन्वयमा उनन्त बीउ उत्पादन कार्यक्रम संचालन

७. बाँझो जमिनमा घाँस खेति कार्यक्रम गरि बाख्रा पालन कार्यक्रम

८. माथिलो भेगमा शितोष्ण तथा समशितोषण फलफूल खेति (आरु, नासपाती, आरुबखडा) हरुको क्षेत्र बिस्तार कार्यक्रम

९. एक वडा एक एग्रो भेट र हरेक वडामा १-१ जना कृषि तथा पशु सेवा प्राबिधिकको व्यवस्था

१०. अदुवा तथा बेसार र उत्पादित फलफूलको लागि प्रशोधन उदद्योगको स्थापना र संचालन

११. मौरी पालनलाई आधुनिकीकरण गर्नको लागि आधुनिक मौरी घार वितरण तथा तालिम

१२. कृषि तथा पशुपन्छीको तथ्यांक, अनुदान व्यवस्थापन तथा प्रसार सेवाको लागि सफ्टवेयर प्रणालीको निर्माण

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बक्रा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

१३. कृषि सूचना तथा प्रसारको लागि कृषि संजालको व्यवस्थापन

१४. कृषि बजार अत्तरियाको समन्वयमा पालिकाको उत्पादन बजारसंग जोड्ने र कृषि एम्बुलेन्सको सेवा

१५. कृषि तथा पशुपन्छी कार्यक्रमहरु संचालनको लागि आवश्यक कार्यविधिहरु निर्माण

१६. रैथाने बाली प्रबर्धन कार्यक्रम

## परिच्छेद ५: बार्षिक रुपमा प्रस्तावित कार्यक्रम तथा बजेट

बोगटान फुड्सिल गाउँपालिकामा पहिलो वर्ष उत्पादनमा जोड दिने, दोश्रो वर्ष बजारीकरण र पुर्बधारमा जोड दिने र तेस्रो वर्ष बजारीकरण र उद्योगमा जोड दिने गरि ३ बर्षको कार्यक्रम तथा बजेट प्रस्ताब गरिएको छ ।

### पहिलो वर्ष

पहिलो वर्ष कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादनमा प्राथमिकता राखि उत्पादन वृद्धि गर्ने विभिन्न योजनाहरु समावेश गरिने छ।

| क्र.स | कार्याक्रमको नाम | अनुमानित बजेट (हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | गाँउपालिकामा बाखापालन प्रर्वद्धन तथा भैंसी पालन प्रर्वद्धन को लागि बाँझो जमिनमा घाँस खेती कार्याक्रम प्रति रोपनी रु. २००० अनुदान | २०० | बिकास साझेदार र प्रदेश तथा संघिय सरकारको समेत आर्थिक प्राबिधिक सहयोग आबश्यक छ। |
| २. | गाँउपालिकाको कार्यालय सँगै कृषकहरुलाई आवश्यक हुने वेर्नाहरु उत्पादनको लागि नर्सरी टनेल निमार्ण | १०,००० | |
| ३. | मौरी पालनलाई आधुनिकिकरण गर्नको लागि आधुनिक मौरी घार वितरण तथा वडास्तरीय मौरी तालिम संचालन गरिने | ७५० | |
| ४. | तरकारी खेती प्रवर्द्धनको लागि थोपा सिँचाई सहित प्लाष्टिक टनेल निमार्ण कार्याक्रम | २०० | |



बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बक्रा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ५. | वडा नं. १, ३ र ७ मा सुन्तला खेती प्रवर्द्धनको लागि ५० प्रतिशत अनुदानमा कलमी वेर्ना वितरण कार्याक्रम तथा बगैंचा सुदृदिकरण कार्याक्रम | १५० | |
| ६. | बेसार तथा अदुवा खेती गर्ने कृषकहरुको लागि प्लाष्टिक मल्चिङ वितरण र वडा १,२,३ मा सोलार ड्रायर वितरण | २५० | |
| ७. | आलु खेती र तरकारी खेती कृषकहरुको लागि साना सिँचाइको लागि अनुदान | ५०० | |
| ८. | कृषि तथा पशुपन्छीको तथ्यांक, अनुदान व्यवस्थापन तथा प्रसार सेवाको लागि सफ्टवेयर प्रणाली निमार्ण | ५०० | |
| ९. | हरेक वडामा १ - १ जना कृषि तथा पशुसेवा प्राविधिकको व्यवस्था | ७५० | |
| १०. | कृषि सूचना तथा प्रसारको लागि कृषि सञ्जालको व्यस्थापन | १०० | |
| ११. | कृषक, विज्ञ र बजार प्रतिनिधिसँगको छलफल कार्याक्रम | १०० | |

| | | | |
|---|---|---|---|
| १२. | प्रागांरिक खेती प्रवर्द्धनको लागि एक कृषक समूह एक भर्मि सेड निमार्णमा अनुदान | १२० | |
| १३. | कृषि बजार अत्तरियको समन्वयमा पालिको उत्पादन बजारसँग जोड्न अन्तरकृया कार्याक्रम तथा स्टलको व्यवस्थापन | १०० | |
| १४. | कृषि उत्पादनलाई बजारीकरणको लागि कृषि एम्बुलेन्स कार्याक्रम संचालनको लागि ढुवानीमा अनुदान कार्याक्रम | ४८० | |

शैघाट पुर्बिचौकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बबरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

## दोस्रो वर्ष

पहिलो वर्ष उत्पादनलाई प्राथमिकता सहित दोस्रो वर्ष उत्पादनलाई बजारीकरणको लागि आवश्यक पूर्वाधारहरु विकास गर्दै लैजाने योजना रहेको छ।

| क्र.स | कार्यक्रमको नाम | अनुमानित बजेट (हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | गाँउपालिकामा बाखापालन प्रर्वद्धन तथा भैंसी पालन प्रर्वद्धन को लागि बाँझो जमिनमा घाँस खेती कार्यक्रम प्रति रोपनी रु. २००० अनुदान | २०० | विकास साझेदार र प्रदेश तथा संघिय सरकारको समेत आर्थिक प्राबिधिक सहयोग आबश्यक छ। |
| २. | गाँउपालिकाको कार्यालय सँगै कृषकहरुलाई आवश्यक हुने वेर्नाहरु उत्पादनको लागि नर्सरी टनेल संचालन खर्च | ५०० | |
| ३. | मौरी पालनलाई आधुनिकिकरण गर्नको ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण सहयोग | ५०० | |
| ४. | तरकारी खेती प्रवर्द्धनको लागि थोपा सिँचाई सहित प्लाष्टिक टनेल निमार्ण कार्यक्रम | २०० | |
| ५. | वडा नं. १, ३ र ७ मा सुन्तला खेती प्रवर्द्धनको लागि ५० प्रतिशत अनुदानमा कलमी वेर्ना वितरण कार्यक्रम तथा बगैंचा सुदृदिकरण कार्यक्रम | १५० | |



गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ६. | बेसार तथा अदुवा खेती गर्ने कृषकहरुको लागि प्लाष्टिक मल्चिङ वितरण | १०० | |
| ७. | आलु खेती र तरकारी खेती कृषकहरुको लागि साना सिँचाइको लागि अनुदान | ५०० | |
| ८. | कृषि उत्पादनलाई बजारसँग जोडिन डिजिटल सूचना प्रणाली निमार्ण तथा संचालन | ५०० | |
| ९. | हरेक वडामा १ - १ जना कृषि तथा पशुसेवा प्राविधिकको व्यवस्था | ७५० | |
| १०. | कृषि सूचना तथा प्रसारको लागि कृषि सञ्जालको व्यस्थापन | १०० | |
| ११. | कृषक, विज्ञ र बजार प्रतिनिधिसँगको छलफल कार्याक्रम | १०० | |
| १२. | प्रागांरिक खेती प्रवर्द्धनको लागि एक कृषक समूह एक भर्मि सेड निमार्णमा अनुदान | १२० | |
| १३. | कृषि बजार अत्तरियको समन्वयमा पालिको उत्पादन बजारसँग जोड्न अन्तरकृया कार्याक्रम तथा स्टलको व्यवस्थापन | १०० | |
| १४. | कृषि उत्पादनलाई बजारीकरणको लागि कृषि एम्बुलेन्स कार्याक्रम | ४८० | |



शैपाल कुदरसिन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चवरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७२

| | | | |
|---|---|---|---|
| | संचालनको लागि ढुवानीमा अनुदान कार्याक्रम | | |
| १५. | कृषि संकलन केन्द्रमा कोल्ड च्याबर स्थापना | ६०० | |
| १६. | अदुवा तथा वेसार, उत्पादित फलफूलको प्रशोधन उद्योगको संस्थापना तथा संचालनको लागि अनुदान | ५०० | |
| १७. | एक वडा एक एग्रो भेट संचालनको लागि आवश्यक सहजिकरण सेवा | २०० | |
| १८. | बाली तथा पशुपन्छी शिविर संचालन | २५० | |

कार्यपालिकाको
चबरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

## तेस्रो वर्ष

तेस्रो वर्ष बजारीकरणलाई सहज बनाउनको लागि आवश्यक पूर्वाधार, समन्वय र उद्योगहरु स्थापना गर्ने योजना रहेको छ ।

| क्र.स | कार्यक्रमको नाम | अनुमानित बजेट (हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | गाँउपालिकामा बाख्रापालन प्रर्वद्धन तथा भैंसी पालन प्रर्वद्धन को लागि बाँझो जमिनमा घाँस खेती कार्याक्रम प्रति रोपनी रु. २००० अनुदान | २०० | विकास साझेदार र प्रदेश तथा संघिय सरकारको समेत आर्थिक प्राबिधिक सहयोग आवश्यक छ । |
| २. | गाँउपालिकाको कार्यालय सँगै कृषकहरुलाई आवश्यक हुने वेर्नाहरु उत्पादनको लागि नर्सरी टनेल संचालन खर्च | ५०० | |
| ३. | मौरी पालनलाई आधुनिकिकरण गर्नको ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण सहयोग | ५०० | |
| ४. | तरकारी खेती प्रवर्द्धनको लागि थोपा सिँचाई सहित प्लाष्टिक टनेल निमार्ण कार्याक्रम | २०० | |
| ५. | वडा नं. १, ३ र ७ मा सुन्तला खेती प्रवर्द्धनको बगैंचा सुढृदिकरण कार्याक्रम | १५० | |
| ६. | बेसार तथा अदुवा खेती गर्ने कृषकहरुको लागि प्लाष्टिक मल्चिङ वितरण | १०० | |



गाउँ कार्यपालिकाको कार्यालय बबरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

| | | | |
|---|---|---|---|
| ७. | आलु खेती र तरकारी खेती कृषकहरुको लागि साना सिँचाइको लागि अनुदान | ५०० | |
| ८. | हरेक वडामा १ - १ जना कृषि तथा पशुसेवा प्राविधिकको व्यवस्था | ७५० | |
| ९. | कृषि सूचना तथा प्रसारको लागि कृषि सञ्जालको व्यस्थापन | १०० | |
| १०. | कृषक, विज्ञ र बजार प्रतिनिधिसँगको छलफल कार्याक्रम | १०० | |
| ११. | प्रागांरिक खेती प्रवर्द्धनको लागि एक कृषक समूह एक भर्मि सेड निमार्णमा अनुदान | १२० | |
| १२. | कृषि बजार अत्तरियको समन्वयमा पालिको उत्पादन बजारसँग जोड्न अन्तरकृया कार्याक्रम तथा स्टलको व्यवस्थापन | १०० | |
| १३. | कृषि उत्पादनलाई बजारीकरणको लागि कृषि एम्बुलेन्स कार्याक्रम संचालनको लागि ढुवानीमा अनुदान कार्याक्रम | ४८० | |
| १४. | कृषि संकलन केन्द्रमा कोल्ड च्याबर स्थापना | ६०० | |
| १५. | अदुवा तथा वेसार, उत्पादित फलफूलको प्रशोधन उद्योगको | ५०० | |



वीपायल पुर्चौडा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बगरा चौतारा, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

| | | | |
|---|---|---|---|
| | संस्थापना तथा संचालनको लागि अनुदान | | |
| १६. | एक वडा एक एग्रो भेट संचालमको लागि आवश्यक सहजिकरण सेवा | २०० | |
| १७. | बाली तथा पशुपन्छी शिविर संचालन | २५० | |
| १८. | एक वडा एक संकलन केन्द्र (कोल्ड च्याबर सहित) | ७०० | |
| १९. | मासु पसल व्यवस्थापनको लागि अनुदान | २०० | |
| २०. | डेरी उद्योग स्थापना तथा अनुदान | २०० | |
| २१. | भैसी पालन गरे बापत प्रति भैसी सुत्केरी भत्ता रकम रु. २००० अनुदान (लक्ष्य १०० वटा भैसी) | २०० | |
| २२. | कुखुरा पालन कृषकहरुको लागि दानामा अनुदान र घरेलु दाना बनाउनको लागि तालिम | २५० | |
| २३. | प्रागांरिक खेती प्रवर्द्धनको प्रमाणीकरणका चरण तथा बजारीकरण सम्बन्धी अन्तरकृया कार्याक्रम | २०० | |

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवरा चौतारा, डोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

## स्रोतहरु


- राष्ट्रिय जनगणना २०७८
- कृषि गणना २०७८
- आर्थिक वर्ष २०८२/८३ गाउँपालिकाको नीति तथा कार्यक्रम
- डोटी जिल्लाको बस्तुगत विवरण २०८०
- गाउँपालिकाको आवधिक विकास योजना (२०७८/७९-२०८२/८३)
- गाउँपालिकाको आ.व. २०८०/८१को बार्षिक प्रगति प्रतिवेदन
- कृषि ज्ञान केन्द्र, डोटी
- भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, डोटी
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, डडेलधुरा
- डिजिटल माटो नक्सा (soil.narc.gov.np)
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, धनगढी
- बोगटान फुड्सिल गाउँपालिकामा फिल्ड अवलोकन छलफल २०८२